# अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति, २०७६

नेपाल सरकार

अर्थ मन्त्रालय

# विषय सूची

## भाग - एक
## परिचय


१.१ पृष्ठभूमि १

१.२ परिभाषा ३

१.३ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकताहरू ५


## भाग - दुई
## सोँच, उद्देश्य, लक्ष्य र रणनीति


२.१ दीर्घकालीन सोँच ६

२.२ उद्देश्य ६

२.३ लक्ष्य ६

२.४ रणनीति ६


## भाग - तीन
## नीति प्रारूप


३.१ राष्ट्रिय प्राथमिकतासँग आबद्धता ८

३.२ सहायता परिचालनको ढाँचा ९

३.३ अनुदान सहायता ११

३.४ सहुलियतपूर्ण ऋण सहायता १२

| | |
|---|---|
| ३.५ अन्य ऋण सहायता | १२ |
| ३.६ व्यापारिक ऋण | १४ |
| ३.७ प्राविधिक सहायता | १३ |
| ३.८. परामर्शदाता परिचालन | १३ |
| ३.९ स्वयंसेवक परिचालन | १५ |
| ३.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था | १६ |
| ३.११ विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने सहायता | १७ |
| ३.१२ विपद् व्यवस्थापन र मानवीय सहायता | १८ |
| ३.१३ अन्तर-सरकारी संयुक्त आर्थिक आयोग | १९ |
| ३.१४ दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोग | १९ |
| ३.१५ निजी क्षेत्रसँग साझेदारी | २० |
| ३.१६ सम्मिश्रित वित्तीय व्यवस्था | २० |

## भाग - चार

## संघीय ढाँचामा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

| | |
|---|---|
| ४.१ संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध | २१ |
| ४.२ सहायता परिचालनमा नेपाल सरकारको भूमिका | २१ |
| ४.३ सहायता परिचालनमा प्रदेश सरकारको भूमिका | २२ |
| ४.४ सहायता परिचालनमा स्थानीय तहको भूमिका | २३ |
| ४.५ सहायता परिचालनमा विकास साझेदारहरूको भूमिका | २३ |

## भाग - पाँच

## कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकन


५.१ नीति कार्यान्वयन समिति २४

५.२ अन्तर्राष्ट्रिय विकास सहायता समन्वयको सम्पर्क विन्दु २५

५.३ स्थानीय विकास साझेदार बैठक २५

५.४ संयुक्त क्षेत्रगत समीक्षा २६

५.५ प्रदेश र स्थानीय स्तरको समीक्षा २६

५.६ विकास साझेदारहरूको संलग्नता २७

५.७ विकास साझेदारहरूको कार्यक्षेत्र विभाजन २७

५.८ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता २७

५.९ अनुगमन तथा मूल्यांकन २८


## भाग - छ

## विविध


६.१ कर छुट तथा प्रवेशाज्ञासम्बन्धी व्यवस्था २९

६.२ खारेजी र बचाउ ३०

# भाग - एक

# परिचय

## १. पृष्ठभूमि

१.१ नेपालको समग्र विकास प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताले महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको करिव सात दशक पूरा हुन लागेको छ । उच्च तथा दिगो आर्थिक वृद्धि हासिल गर्दै "समृद्ध नेपाल सुखी नेपाली" को लक्ष्य प्राप्त गर्नका लागि आवश्यक श्रोत व्यवस्थापन गर्न नेपालले अन्तर्राष्ट्रिय विकास सहायताको उपयोग गर्नुपर्ने हुन्छ । यस्तो सहायताको उच्चतम लाभ प्राप्त गर्ने गरी प्रभावकारिता बढाउन सकेमा यसले राष्ट्रिय पूँजी निर्माण र समष्टिगत आर्थिक स्थायित्व कायम गर्दै राष्ट्रिय अर्थतन्त्रको सुदृढीकरण गर्न सहयोग पुग्नेछ ।

१.२ नेपालले सहायताको प्रभावकारितासम्वन्धी सन् २००५ को पेरिस उच्च स्तरीय सम्मेलन र त्यसपछि सम्पन्न सबै उच्चस्तरीय बैठकहरूमा सहभागिता जनाउँदै सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्र लगायतका अन्तर्राष्ट्रिय समझदारीमा ऐक्यबद्धता व्यक्त गर्दै आएको छ । आगामी दिनहरूमा हुने यस प्रकारका अन्तर्राष्ट्रिय प्रयासहरूमा पनि सहभागी हुँदै सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू प्राप्त गर्न र मध्यम आय भएको राष्ट्रमा स्तरोन्नति हुन अन्तर्राष्ट्रिय विकास सहायतामा आवश्क नीतिगत सुधार गर्नु पर्नेछ ।

१.३ नेपालको संविधान अनुसार संघीय प्रणालीमा रुपान्तरित राष्ट्रको शासकीय संरचनाअनुरुप अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन र व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको छ । संविधानको व्यवस्था अनुसार वैदेशिक सहायता लिंदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै यसलाई पारदर्शी बनाउनुपर्ने र वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्ने भएको छ ।

१.४ विगतमा गरिएको अन्तर्राष्ट्रिय विकास सहायताको परिचालनले देशको समग्र आर्थिक सामाजिक विकासमा पुर्‍याएको योगदानलाई महत्व दिंदैआगामी दिनमा यसको प्रभावकारिता बढाएर अन्तर्राष्ट्रिय विकास सहायता प्रतिको निर्भरता क्रमश: घटाउँदै आन्तरिक श्रोत परिचालन बढाउन सहयोगी हुने नीति अवलम्बन गर्नुपर्ने भएको छ ।

१.५ राजनैतिक स्थिरता र वर्तमान संघीय संरचनाभित्र अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका सम्वन्धमा नेपालको संविधानले गरेको मार्गदर्शनले विकास सहायताको प्रभावकारिता अभिवृद्धिका लागि सुधार गर्ने अवसर प्रदान गरेको छ । अन्तर्राष्ट्रिय विकास

सहायता समावेश भएका आयोजना तथा कार्यक्रमहरूको कार्यान्वयन गर्दा प्रापकले आफ्नो राष्ट्रिय प्रणालीको प्रयोग गरेर आफ्नै सहभागिता र नेतृत्वसहित स्वामित्व ग्रहण गर्न सकेमा सहायताको प्रभावकारिता बढाउन सकिन्छ भन्ने सरकार र विकास साझेदारहरूको समान धारणालाई व्यवहारमा उतार्नु परेको छ ।

१.६ विकास नतिजालाई केन्द्र विन्दुमा राखेर साधन श्रोतको विनियोजन गर्ने सरकारको नीतिले अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका आयोजना तथा कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन र अनुगमनमा समेत सकारात्मक प्रभाव पार्ने अपेक्षा गरिएको छ ।

१.७ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका सफलता वा असफलताका लागि सरकार र विकास साझेदार एक अर्काप्रति र आ-आफ्ना करदाताप्रति जवाफदेही हुनुपर्ने पारस्पारिक जवाफदेहिताको सिद्धान्तलाई व्यवहारमा रुपान्तरण गर्न सरकार प्रतिवद्ध रहेको छ । यसका लागि भईरहेका सम्वाद, छलफल, अन्तरक्रिया, प्रगति-समीक्षा, सहायता व्यवस्थापन सूचना प्रणालीको सामयिक परिमार्जन र अन्तर्राष्ट्रिय विकास सहायतासम्वन्धी तथ्यांकको नियमित प्रकाशनलाई निरन्तरता दिनुपर्ने आवश्यकता रहेको छ ।

१.८ राष्ट्रिय प्राथमिकता र प्रणालीसँग सहायता आबद्धताको प्रक्रियामा सुधार भए तापनि कार्यान्वयनको प्रगति मिश्रित रहेको छ । आबद्धताको सन्देश प्रदेश तथा स्थानीय तहसम्म पुऱ्याउने, सार्वजनिक वित्त व्यवस्थापनमा सुधार ल्याउने र आन्तरिक क्षमता बढाई राष्ट्रिय प्रणालीमा सबै अन्तर्राष्ट्रिय विकास सहायतालाई आबद्ध गराउनु पर्नेछ ।

१.९ शिक्षा र स्वास्थ्य जस्ता सामाजिक क्षेत्रमा विकास साझेदारहरूबीच विकसित हुँदै गएको सहायता सामाञ्जस्यको अभ्यासलाई मूल्यांकनका आधारमा अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्ने आवश्यकता रहेको छ ।

१.१० साना आयोजनाहरूमा र एउटै क्षेत्रमा काम गर्ने धेरै विकास साझेदारहरूमा विकास सहायता छरिंदा सहायताको खण्डीकरण तथा बहुप्रतिवेदनको आवश्यकता सिर्जना भई प्रक्रियागत लागत बढ्ने अवस्था रहेको छ । यसबाट सरकारका निकायहरू एवम् विकास साझेदारहरूलाई समेत अतिरिक्त बोझ थपिन गएको छ । विकास साझेदारहरूले तुलनात्मक सबलताका आधारमा आपसमा कार्य विभाजन गर्ने एवम् आयोजनाहरूको संख्यासँगै गुणस्तरमा सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

१.११ परम्परागत विकास सहायता ढाँचाले काम गरेका वा नगरेका क्षेत्रहरु पहिचान गरी सार्वजनिक, निजी एवम् वैदेशिक सहायता सम्मिश्रित संयुक्त श्रोत परिचालनबाट समेत विकासका लागि आवश्यक साधन जुटाउनु पर्नेछ । त्यसैगरी विकास सहायता परिचालन

गरिरहेका अन्य संस्था/देशहरूले प्राप्त गरेका सफलताबाट सिक्दै सीप, ज्ञान तथा प्रविधिलाई राष्ट्रको आर्थिक, सामाजिक रुपान्तरणमा उपयोग गर्नु पर्नेछ ।

१.१२ अन्तर्राष्ट्रिय विकास सहायता परिचालनबाट प्राप्त हुने अवसरहरूको अधिकतम उपयोग गर्ने, राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र अन्य क्षेत्रबीच साझेदारी बढाउने एवम् संघ, प्रदेश र स्थानीय तहबीच विकास सहायता परिचालनमा समन्वयात्मक तवरले प्रभावकारिता ल्याई सुदृढ अर्थतन्त्र निर्माण गर्नेतर्फ यो नीति परिलक्षित हुनेछ ।

१.१३ यस पृष्ठभूमिमा नेपालको संविधानको भावना र परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्दर्भलाई समेट्दै वैदेशिक सहायता नीति, २०५९ र विकास सहायता नीति, २०७१ को कार्यान्वयनका सिलसिलामा प्राप्त भएका उपलब्धि तथा अनुभवका आधारमा समयानुकूल अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति तर्जुमा गरिएको छ ।

## २. परिभाषा

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नीतिमा;

(क) "अनुदान" भन्नाले फिर्ता गर्नु नपर्ने गरी सरकारलाई भविष्यमा कुनै पनि वित्तीय दायित्व नपर्ने गरी प्राप्त हुने अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ ।

(ख) "अन्तर्राष्ट्रिय परामर्श सेवा" भन्नाले विदेशी संस्था वा नागरिकबाट प्राप्त हुने परामर्श सेवा सम्झनु पर्छ ।

(ग) "अन्तर्राष्ट्रिय विकास सहायता" भन्नाले सरकारलाई विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता सम्झनु पर्छ ।

(घ) "अन्य ऋण" भन्नाले सहुलियतपूर्ण ऋण बाहेकका निर्यात-आयात बैंक तथा यस्तै अन्य निकायबाट आयोजनाका लागि प्राप्त हुने ऋण सम्झनु पर्छ ।

(ङ) "कार्यक्रममा आधारित सहायता" भन्नाले सरकारको विस्तृत कार्यक्रम र बजेटको खाकालाई सहयोग गर्ने, सरकारको कार्यान्वयन निकायको नेतृत्वमा कार्यान्वयन हुने, औपचारिक एवम् साझा संयन्त्रमार्फत विकास साझेदारहरु बीचको समन्वय, प्रतिवेदन, बजेट, वित्त व्यवस्थापन तथा खरिदका प्रक्रियाहरूमा सामञ्जस्य कायम गर्ने गरी प्राप्त हुने सहायता सम्झनु पर्छ ।

(च) "टर्न की" भन्नाले द्विपक्षीय सम्झौताबमोजिम विकास साझेदार प्रत्यक्ष रुपमा कार्यान्वयनमा संलग्न भई निर्माण सम्पन्न गरी नेपाल सरकारलाई हस्तान्तरण गर्ने आयोजना कार्यान्वयन विधि सम्झनु पर्छ ।

(छ) "परियोजना सहायता" भन्नाले सरकारलाई पूर्व निर्धारित उद्देश्य, बजेट एवम् प्रतिफल प्राप्त गर्नका लागि छुट्टै आयोजना सञ्चालन गर्न प्राप्त हुने सहायता सम्झनु पर्छ ।

(ज) "पेरिस घोषणापत्र" भन्नाले सन् २००५ मा पेरिसमा सम्पन्न सहायता प्रभावकारितासम्वन्धी उच्चस्तरीय सम्मेलनमा विकास सहायतालाई प्रभावकारी बनाउन स्वामित्व, आबद्धता, सामञ्जस्य, नतिजामूलक व्यवस्थापन र पारस्पारिक जवाफदेहिता समेतका सिद्धान्तमा आधारित असल अभ्यासहरूको पहिचान गर्दै तिनको अवलम्वन गर्नका लागि सबै सहभागी विकास साझेदार, प्रापक राष्ट्र तथा संस्थाहरुले संयुक्त रुपमा जारी गरेको प्रतिवद्धता सहितको घोषणापत्र सम्झनु पर्छ ।

(झ) "प्रदेश" भन्नाले नेपालको संविधानको अनुसूची ४ वमोजिमका प्रदेश सम्झनु पर्छ ।

(ञ) "बजेट सहायता" भन्नाले कुनै क्षेत्रको संस्थागत सुधारसँग आबद्ध भई वा नभई विकासका प्राथमिकता तथा कार्यक्रमहरुमा रकम विनियोजन गर्न सहयोग पुग्ने गरी सरकारी कोषमा प्राप्त हुने सहायता सम्झनु पर्छ।

(ट) "विकास साझेदार" भन्नाले विभिन्न क्षेत्रको विकास तथा निर्माणका लागि वित्तीय, प्राविधिक एवम् वस्तुगत सहायता प्रदान गर्ने द्विपक्षीय राष्ट्र, बहुपक्षीय संस्था वा अन्य विश्वव्यापी कोष सम्झनु पर्छ ।

(ठ) "सम्मिश्रित वित्तीय व्यवस्था" भन्नाले परम्परागत वैदेशिक सहायताका अतिरिक्त व्यावसायिक सम्भाव्यता भएका निजी क्षेत्र, सहकारी क्षेत्र, दानदातव्य कोष लगायतका अन्य वित्तीय श्रोतहरु समेतलाई रणनीतिक रुपमा विकास कार्यमा परिचालन गर्ने उद्देश्यले गरिने वित्तीय व्यवस्था सम्झनु पर्छ ।

(ड) "सहुलियतपूर्ण ऋण" भन्नाले नेपाल सरकार सदस्य रहेका बहुपक्षीय विकास साझेदारले प्रदान गर्ने ऋणको व्याजदर, भुक्तानी समय र सहुलियत अवधिभन्दा कम नहुने गरी प्राप्त हुने ऋण सम्झनु पर्छ ।

(ढ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका र जिल्ला समन्वय समिति सम्झनु पर्छ ।

(ण) "स्वयंसेवक" भन्नाले नेपाल सरकारसँग हुने खाका सम्झौताको प्रावधान अन्तर्गत नेपाल सरकारबाट कुनै पारिश्रमिक नलिने गरी नेपालमा आई सेवा प्रदान गर्ने निश्चित शैक्षिक योग्यता, विशेषज्ञता र अनुभव भएका विदेशी नागरिक सम्झनु पर्छ।

(त) "क्षेत्रगत सहायता अवधारणा" भन्नाले कुनै विषयगत क्षेत्रको समग्र नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले संयुक्त वित्तीय सम्झौता, साझा कार्ययोजना र संयुक्त आचार संहिता अन्तर्गत सञ्चालन गरिने नतिजा तथा कार्यक्रममा आधारित अन्तर्राष्ट्रिय विकास सहायता सम्झनु पर्छ ।

## ३. अन्तर्राष्ट्रिय विकास सहायता परिचालनका प्राथमिकताहरू

राष्ट्रिय आवश्यकता र प्राथमिकताका देहायका क्षेत्रमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गरिने छः

(क) भौतिक पूर्वाधारको निर्माण,

(ख) शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ

(ग) राष्ट्रिय उत्पादन र उत्पादकत्व वृद्धि,

(घ) रोजगारी सिर्जना र गरिवी निवारण,

(ङ) विज्ञान तथा प्रविधिको विकास र हस्तान्तरण,

(च) वातावरण संरक्षण र जलवायु परिवर्तन,

(छ) विपद् व्यवस्थापन,

(ज) सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रको क्षमता नपुगेको क्षेत्रमध्ये नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायता लिन उपयुक्त हुने भनी निर्धारण गरेका क्षेत्रहरू ।

# भाग - दुई

# सोच, उद्देश्य, लक्ष्य र रणनीति

## २.१ दीर्घकालीन सोच

राष्ट्रिय विकासका प्रयासहरूमा विकास साझेदारहरूको पुँजी र प्रविधिलाई राष्ट्रको आवश्यकता र प्राथमिकताका आधारमा अधिकतम परिचालन गर्ने ।

## २.२ उद्देश्य

समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्न अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने ।

## २.३ लक्ष्य

(क) मुलुकलाई आगामी तीन वर्षभित्र अति कम विकसित राष्ट्रको सूचीबाट स्तरोन्नती गर्न आवश्यक स्रोत परिचालन गर्ने ।

(ख) अन्तर्राष्ट्रिय विकास सहायता समेत उपयोग गरी सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गर्दै नेपाललाई मध्यम आय भएको राष्ट्रको रुपमा स्तरोन्नती गर्ने ।

(ग) राष्ट्रिय विकास नीति अनुरुपका आवश्यकता र प्राथमिकताका क्षेत्रमा बाह्य स्रोत परिचालन गर्ने ।

(घ) अन्तर्राष्ट्रिय विकास सहायताको पारदर्शी एवं नतिजामूखी उपयोगमार्फत राष्ट्रिय क्षमता वृद्धि गर्दै सहायताप्रतिको निर्भरता क्रमश: घटाउँदै लैजाने ।

## २.४ रणनीति

(क) उच्च आर्थिक वृद्धिदर हासिल गर्ने, उत्पादन र उत्पादकत्व बढाउने, रोजगारीका अवसरहरू व्यापक रुपमा सिर्जना गर्ने निकासीजन्य उत्पादनका क्षेत्रमा सहायता परिचालन गर्ने ।

(ख) अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा सबै क्षेत्र, वर्ग र समुदायको सन्तुलित विकासमा ध्यान दिने ।

(ग) राष्ट्रिय उत्पादन वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने, आयात प्रतिस्थापन गर्ने, व्यापार असन्तुलनलाई तिव्र रुपमा सन्तुलनतर्फ लैजाने र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्ने ।

(घ) अन्तर्राष्ट्रिय विकास सहायतालाई मुलुकको विकासका पूर्वशर्त मानिने क्षेत्र र विषयहरूमा केन्द्रीत गर्ने ।

(ङ) राष्ट्रिय बजेट प्रणालीमा आबद्ध हुनेगरी अन्तर्राष्ट्रिय विकास सहायता लिने र सहायता व्यवस्थापन सूचना प्रणाली सुदृढ गरी पारदर्शिता अभिवृद्धि गर्ने ।

(च) नेपालमा सञ्चालन हुने विकास साझेदारको संयुक्त सहायता कोष तथा पूर्वाधार आयोजनामा आधारित सह-वित्तीय लगानीका आयोजना वा प्राविधिक सहायता कार्यक्रम बाहेक सामान्यत: कुनै पनि कार्यक्रम एक विकास साझेदारले अर्को विकास साझेदार वा निकाय मार्फत सञ्चालन नगर्ने ।

# भाग - तीन

## नीति प्रारूप

### ३.१ राष्ट्रिय प्राथमिकतासँग आबद्धता

सहायता प्रभावकारितासम्बन्धी पेरिस घोषणापत्र अनुरुप राष्ट्रको विकासका प्राथमिकता, नीति र रणनीतिका आधारमा राष्ट्रिय प्रणालीमार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सुदृढ राष्ट्रिय नतिजा प्रारूप निर्माण गर्नुपर्ने हुन्छ। यसका लागि अन्तर्राष्ट्रिय विकास सहायतालाई निम्नबमोजिम हुने गरी राष्ट्रिय प्राथमिकतासँग आबद्ध गरिनेछः

३.१.१ नेपाल सरकारको आवधिक विकास योजनाको लक्ष्य हासिल गर्न सहयोगी हुने गरी प्रदेश र स्थानीय सरकारले आफ्ना विकास योजनाहरू स्वीकृत गरी अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने देखिएका योजना तथा कार्यक्रम एवम् समय समयमा नेपाल सरकारले तीनै तहको आवश्यकता र औचित्य हेरी घोषणा गर्ने नीति तथा कार्यक्रममा उल्लेख भएको आधारमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको क्षेत्र छनौट गरिनेछ।

३.१.२ तीनै तहका विकाससम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न बजेट सहायता, क्षेत्रगत सहयोग अवधारणामा आधारित विकास सहायता र कार्यक्रममा आधारित सहायतालाई प्राथमिकता दिइनेछ।

३.१.३ समन्यायिक विकासमा योगदान पुऱ्याउने गरी दुर्गम क्षेत्रका प्राथमिकता प्राप्त कार्यक्रमहरूको लागि अन्तर्राष्ट्रिय विकास सहायताबाट स्रोत उपलब्ध गराउन प्राथमिकता दिइनेछ।

३.१.४ प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा राष्ट्रियता, राष्ट्रिय अखण्डता, सार्वभौमिकता, धार्मिक, जातीय र सामाजिक सद्भावमा खलल नपुऱ्याउने र राष्ट्रिय सुरक्षा नीतिमा प्रतिकूल असर नपार्ने गरी विकास सहायता स्वीकार गरिनेछ ।

३.१.५ राष्ट्रका संवेदनशील क्षेत्र तथा विषयहरूमा विदेशी सहायता लिइने छैन । राष्ट्रका विभिन्न निकायहरूले लिने सहायता कार्यपालिका र त्यस मातहतका निकायहरूले परिचालन गर्नेछन् ।

३.१.६ सामाजिक समावेशीकरण, सीमान्तकृत समुदायको जीवनस्तर वृद्धि, लैङ्गिक समानता, आर्थिक तथा सामाजिक दृष्टिकोणबाट पछाडि परेका क्षेत्र र समुदायको विकास जस्ता अन्तरसम्बन्धित विषयहरू अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालन हुने सबै आयोजना तथा कार्यक्रमका अभिन्न अङ्ग हुनेछन् ।

३.१.७ सरकार र विकास साझेदार दुबै पक्ष विकास नतिजाप्रति जवाफदेही हुने तथा अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका सार्वजनिक-निजी साझेदारीका कार्यक्रममा संलग्न निजी क्षेत्र पनि विकास नतिजाप्रति जवाफदेही हुने व्यवस्था गरिनेछ ।

३.१.८ दिगो विकास लक्ष्यको कार्यान्वयन गरी नेपालले सन् २०३० सम्ममा हासिल गर्नु पर्ने विकासका उपलब्धिलाई प्राथमिकतामा राखी अन्तर्राष्ट्रिय विकास सहायतालाई मूलप्रवाहीकरण गरिनेछ ।

३.१.९ सामाजिक परिचालन र स्थानीय स्रोतको उपयोग गर्दै द्रुत गतिमा अघि बढिरहेको सहकारी अभियानलाई स्वस्थ र सक्षम ढंगले अघि बढाउँदै समावेशी विकास सुनिश्चित गर्न अन्तराष्ट्रिय विकास सहायताको परिचालन गरिनेछ ।

३.१.१० कृषिको आधुनिकीरण, ऊर्जा विकास, पर्यटन प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास, सीप विकास तथा रोजगारी सिर्जना, उत्पादन र उत्पादकत्व वृद्धि, व्यापार सन्तुलन र लगानी वृद्धिका निम्ति निजी क्षेत्रमैत्री वातावरणको सिर्जना हुने र उच्च आर्थिक विकाससँगै समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने विषयलाई ध्यानमा राखी नेपाल सरकारले अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन, कार्यान्वयन, अनुमगन र मूल्याङ्कन गर्नेछ।

## ३.२ सहायता परिचालनको ढाँचा

अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा विकास साझेदारको तुलनात्मक तथा प्रतिस्पर्धात्मक सबलताको सिद्धान्त र कार्यान्वयन क्षमताका आधारमा देहाय बमोजिमका ढाँचाको अवलम्बन गरिनेछ:-

३.२.१ बजेट सहायता सरकारको पहिलो प्राथमिकतामा पर्नेछ । यसअन्तर्गत प्राप्त हुने स्रोतलाई राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुरुप संघ, प्रदेश र स्थानीय तहमा उपयोग गरिनेछ।

३.२.२ क्षेत्रगत सहायता अवधारणा अन्तर्राष्ट्रिय विकास सहायताको दोश्रो प्राथमिकतामा पर्ने ढाँचा हुनेछ। यस्तो सहायता पनि राष्ट्रिय आवश्यकता र प्राथमिकतासँग आबद्ध

हुनुपर्नेछ। नेपाल सरकारको कार्यक्रममा स्रोत विनियोजन गर्दा यसलाई प्राथमिकतामा राखिनेछ। प्रदेश र स्थानीय तहको हकमा प्रचलित कानुनबमोजिम राजस्वको बाँडफाँड हुने हुँदा ती तहबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमका लागि तिनको आवश्यकता र क्षमता समेतलाई विचार गरी क्षेत्रगत सहायता उपलब्ध गराईनेछ ।

३.२.३ कार्यक्रममा आधारित सहायता अन्तर्राष्ट्रिय विकास सहायताको तेस्रो प्राथमिकतामा पर्ने ढाँचा हुनेछ। कार्यक्रममा आधारित आयोजना तथा कार्यक्रमहरूका लागि सम्बद्ध विकास साझेदारसँग गर्नुपर्ने मूल सम्झौता, वित्तीय सम्झौता आदि नेपाल सरकारले सम्पन्न गरी क्षेत्राधिकारको आधारमा संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नै संयन्त्रमार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।

३.२.४ राष्ट्रिय योजनामा समावेश हुने अन्य आयोजना सहायता परिचालनको चौथो प्राथमिकताको ढाँचा हुनेछ । यस्तो ढाँचा उपयोग गर्दा न्यून सञ्चालन खर्च, नवीनता र दिगोपनालाई आधार बनाइनेछ। नवीन प्रविधि भित्र्याउने यस्ता आयोजना सफल भएपछि तिनलाई दिगो बनाउने र राष्ट्रिय प्रणालीमा विस्तार गर्ने विषयको सुनिश्चितता गरिनेछ ।

३.२.५ अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्नुपर्दा आयोजनाको सञ्चालन खर्च न्यून गर्न र कार्यान्वयनमा ढिलाइ हुन नदिन साना प्रकृतिका एकल आयोजनाहरूका निम्ति विकास साझेदारको साझा कोष निर्माण गर्न विकास साझेदारहरूलाई प्रोत्साहन गरिनेछ । त्यस्तो साझा कोषबाट प्राप्त हुने रकम राष्ट्रिय बजेटमा समावेश गरी मूलतः प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने मझौला र साना आयोजनामा खर्च गर्ने गरी हस्तान्तरण हुने व्यवस्था मिलाइनेछ ।

३.२.६ नेपाल सरकारले विपद् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधिजन्य लगायतका सामाग्रीहरू स्वीकार गर्न वा त्यस प्रकारका सहायता उपलब्ध गराउन विकास साझेदारहरूलाई अनुरोध गर्न सक्नेछ । यसरी प्राप्त हुने सहायता तात्कालिक आवश्यकता र क्षमता हेरी संघ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्रमार्फत वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

३.२.७ नेपाल सरकारले शर्तरहित सहायतालाई प्राथमिकता दिनेछ। सामान्यत: देशभित्र जनशक्ति उपलब्ध हुन नसकेको अवस्थामा मात्रै अन्तर्राष्ट्रिय परामर्श सेवा लिइनेछ।

३.२.८ सामान्यत: सबै प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता राष्ट्रिय बजेट प्रणालीमा समावेश हुने गरी स्वीकार गरिनेछ । बजेटमा समावेश भएका सबै सहायताहरूको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने गरी व्यवस्था मिलाइनेछ ।

३.२.९ शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन जस्ता क्षेत्रहरूमा अनुदान सहयोग पुऱ्याउन अन्तर्राष्ट्रिय स्तरमा स्थापना गरिएका कोषहरूबाट सहायता परिचालन गरिनेछ। यो सहायता त्यस्ता कोषको सबै राष्ट्रलाई लागू हुने प्रावधान अन्तर्गत रही राष्ट्रिय प्राथमिकताका आधारमा परिचालन गरिनेछ । विपद् व्यवस्थापन, वातावरण संरक्षण र जलवायु परिवर्तनका असरलाई अनुकूलन र न्यूनीकरण गर्ने गरी आवश्यक खाका तयार गरेर सहायता प्राप्त गरिनेछ ।

३.२.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालन हुने आयोजनाको विकास गर्दा लैंगिक समानता र सामाजिक समावेशीकरणलाई मध्यनजर राख्दै यथासम्भव सोलाई टेवा दिने प्रकृतिका क्रियाकलापहरु समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

३.२.११ विकास साझेदारहरूसँग गरिने सहायता वार्ताको समन्वय र नेतृत्व आवश्यकतानुसार अर्थ मन्त्रालयले गर्नेछ । वार्ताको लागि आवश्यक पर्ने कार्य विवरण अर्थ मन्त्रालयले तयार गर्नेछ ।

## ३.३ अनुदान सहायता

३.३.१ अनुदान सहायता परिचालन गर्दा वातावरण संरक्षण र जलवायु परिवर्तन, दिगो विकास, ग्रामीण पूर्वाधार निर्माण, सामाजिक विकास, कृषिको आधुनिकीरण र विकास, स्वास्थ्य, शिक्षा, पिउने पानी, सरसफाइ, गरिवी निवारण र मानव विकासमा प्रत्यक्ष योगदान पुग्ने क्षेत्रलाई प्राथमिकता दिइनेछ । अनुदान सहायताको आकारलाई सम्भव भएसम्म फराकिलो बनाइनेछ । साना सहायतालाई क्षेत्रगत अवधारणा र विकास साझेदारको साझा कोषमार्फत परिचालन गर्न प्रोत्साहन गरिनेछ ।

३.३.२ सरकारले सार्वजनिक, निजी, सहकारी र समुदायको क्षमता नपुगेका क्षेत्रहरू पहिचान गरी अनुदान सहायता परिचालन गर्न उपयुक्त क्षेत्र तोक्न सक्नेछ ।

## ३.४ सहुलियतपूर्ण ऋण सहायता

३.४.१ भौतिक पूर्वाधार (जलविद्युत, सौर्य तथा नविकरणीय ऊर्जा, सडक तथा पुल, सिंचाइ, विमानस्थल, रेल्वे, सुख्खा बन्दरगाह र शहरी पूर्वाधार विकास), कृषि र पर्यटन पूर्वाधार जस्ता आर्थिक वृद्धि उच्च पार्न सहयोग पुऱ्याउने, सीप विकास तथा रोजगारी सिर्जना गर्ने र निर्यात क्षमता वढाई वैदेशिक मुद्रा आर्जन गर्ने क्षेत्रहरूमा सहुलियतपूर्ण ऋणको उपयोग गरिनेछ ।

३.४.२ प्रत्येक एकल आयोजनाको लागि एक करोड अमेरिकी डलरभन्दा बढी सहायताको अंश भएका सहुलियतपूर्ण ऋण मात्र स्वीकार गरिनेछ । यो सीमा विकास साझेदारको साझा कोष र सह-लगानी अन्तर्गत प्राप्त हुने सहुलियतपूर्ण ऋणमा लागू हुनेछैन ।

३.४.३ ऋण सहायताबाट हुने परामर्श सेवा र सवारी साधन खरिद खर्चहरु न्यूनीकरण गरिनेछ । ऋण सहायताबाट विदेश भ्रमण खर्च गरिने छैन ।

३.४.४ आयोजना दस्तावेज तयार गर्दा खरिद प्रक्रियालाई यथाशक्य शर्तरहित बनाइनेछ। विकास साझेदारले सहायता परिचालन गर्ने सबै राष्ट्रको हकमा लागू हुने गरी तयार गरेको खरिदसम्वन्धी प्रावधानको पालना गर्ने गरी सम्झौता गर्न सकिनेछ ।

३.४.५ नेपाल सरकारले राष्ट्रिय प्राथमिकताका जटिल र उच्च प्रविधियुक्त पूर्वाधार आयोजनामा इन्जिनियरिंग, खरिद, निर्माण तथा वित्त व्यवस्था (इपिसिएफ) अन्तर्गत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सक्नेछ । यस्तो सहायता परिचालन गर्दा आयोजना कार्यान्वयनको क्रममा प्रतिस्पर्धा, पारदर्शिता र लागत प्रभावकारिताका लागि आवश्यक व्यवस्था गरिनेछ । पूर्व लागत अनुमान यकिन भएको आधारमा यस्तो सहायता परिचालन गरिनेछ ।

## ३.५ अन्य ऋण सहायता

३.५.१ सरकारले राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रका आयोजना सञ्चालन गर्न सहुलियपूर्ण ऋण सहायता बाहेक अन्य थप स्रोतबाट समेत सहायता परिचालन गर्न सक्नेछ । यस्तो सहायता विभिन्न राष्ट्रका निर्यात-आयात बैंक तथा यस्तै आयोजनागत वित्तीय सहायता प्रदान गर्ने अन्य निकायबाट प्राप्त हुने ऋणहरूको समेत उपयोग गर्न सक्नेछ ।

३.५.२ सामान्यतः अन्य ऋण सहायताको उपयोग निम्न क्षेत्रहरूमा गरिनेछः

(क) जलविद्युत उत्पादन एवम् प्रशारण,

(ख) राजमार्ग र पुल,

(ग) रेलमार्ग,

(घ) विमानस्थल,

(ङ) सुख्खा बन्दरगाह,

(च) शहरी पूर्वाधार

(छ) राष्ट्रिय आवश्यकता र प्राथमिकता भित्रका अन्य क्षेत्र ।

## ३.६ व्यापारिक ऋण

राष्ट्रिय प्राथमिकताका उच्च वित्तीय प्रतिफलयुक्त एवम् व्यावसायिक संभाव्यता भएका वृहद आयोजनामा सरकारले व्यापारिक ऋण परिचालन गर्न सक्नेछ । यस्तो ऋणको शर्त र सीमा नेपाल सरकारले तोकेबमोजिम हुनेछ ।

## ३.७ प्राविधिक सहायता

प्राविधिक सहायतालाई व्यक्तिगत तह (सीप, ज्ञान, नवीनता, उद्यमशीलता) र साङ्गठनिक तह (प्रणाली, कार्यविधि, प्रविधि) मा राष्ट्रिय क्षमताको विकासमा सघाउ पुऱ्याउने गरी छनौटपूर्ण तरिकाले राष्ट्रिय क्षमता विकास योजनासँग आबद्ध गरी उपयोग गरिनेछ । सरकारको प्रणाली भित्रबाट आयोजना कार्यान्वयनको लागि आवश्यक पर्ने प्राविधिक क्षमता उपलब्ध नहुँदाका अवस्थामा विकास साझेदारहरूबाट प्राविधिक सहायता उपयोग गरिनेछ ।

### ३.७.१ आयोजना तयारी प्राविधिक सहायता

३.७.१.१ कुनै आयोजना वा कार्यक्रमको पूर्व संभाव्यता, संभाव्यता र विस्तृत आयोजना प्रतिवेदन निर्माणको लागि आयोजना कार्यान्वयन गर्न प्राविधिक जटिलता भएको वा स्वदेशमा त्यस्तो जनशक्ति नभएको कारणसहित सम्बन्धित निकायले अनुरोध गरेमा विकास साझेदारहरूलाई आयोजना तयारीका लागि प्राविधिक सहायता उपलब्ध गराउन अनुरोध गर्न सकिनेछ ।

३.७.१.२ साना आयोजनाहरूको लागि सम्बन्धित सबै तहका सरकारहरूले आफ्नै आयोजना तयारी कोष वा आन्तरिक स्रोतको उपयोग गर्ने नीति लिनेछन्। यस प्रयोजनका लागि नेपाल सरकारले आफ्नो कोषबाट क्रमशः ठूला र मध्यम आयोजनाहरूका निम्ति आवश्यकता र क्षमताको आधारमा साधनस्रोत उपलब्ध गराउन सक्नेछ ।

### ३.७.२ आयोजनागत प्राविधिक सहायता

३.७.२.१ सामान्यतः क्षमता विकासका लागि एकल आयोजनागत प्राविधिक सहायता उपयोग नगर्ने नीति लिइनेछ। तर कुनै राष्ट्रिय प्राथमिकताका आयोजना कार्यान्वयन चरणमा आवश्यक विशेषज्ञताको कमी पूरा गर्न सम्वन्धित बिषयगत मन्त्रालयको लिखित सिफारिसमा त्यस्तो सहायता लिन सकिनेछ। विकास साझेदारहरूलाई यस्तो सहायता प्राविधिक सहायता साझा कोषमा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ ।

३.७.२.२ प्राविधिक सहायता आयोजनाको दस्तावेजले स्पष्ट रुपमा मूलप्रवाहीकरण तथा बहिर्गमन योजनासहित दिगोपना सुनिश्चित गरेको हुनु पर्नेछ ।

३.७.२.३ राष्ट्रिय आवश्यकता र लाभका आधारमा कार्यान्वयन गर्ने निकायको समन्वयमा अन्तर्राष्ट्रिय र क्षेत्रीय स्वरुपका प्राविधिक सहायता स्वीकार गर्न सकिनेछ ।

३.७.२.४ प्राविधिक सहायताको आवधिक समीक्षा गरिनेछ ।

### ३.७.३ प्राविधिक सहायतासम्बन्धी अन्य व्यवस्था

३.७.३.१ सामान्यत: प्राविधिक सहायता ऋणको रुपमा उपयोग नगर्ने नीति अवलम्वन गरिनेछ ।

३.७.३.२ प्राविधिक सहायता स्वीकार गर्नु पूर्व अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ ।

३.७.३.३ विकास साझेदारहरूले सबै प्राविधिक सहायताको विवरण सहायता सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

३.७.३.४ प्राविधिक सहायताबाट सवारी साधन, यन्त्र उपकरण खरिद गर्न वा वैदेशिक अध्ययन भ्रमण वा तालिममा भाग लिन अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

## ३.८. परामर्शदाता परिचालन

३.८.१ परामर्शदाता परिचालन गर्दा उपलब्ध र सम्भव भएसम्म नेपाली नागरिक वा संस्थालाई प्राथमिकता दिइनेछ । प्रविधि तथा ज्ञानको हस्तान्तरण गर्ने र राष्ट्रिय स्तरमा उपलव्ध नभएको विज्ञताका लागि मात्र अन्तर्राष्ट्रिय परामर्शदाता परिचालन गर्न सकिनेछ ।

३.८.२ परामर्श सेवाको लागि आयोजना दस्तावेजमै स्पष्ट सीमा, शर्त र कार्यविवरण संलग्न हुनुपर्नेछ । नेपाल सरकारको पूर्व स्वीकृतिबिना पूर्वाधार आयोजनाको कूल लागतको ५ प्रतिशतभन्दा बढी रकम परामर्श सेवामा खर्च गरिनेछैन । यस्तो पूर्व स्वीकृति आयोजना वार्ता अगावै प्राप्त गरिसक्नु पर्नेछ ।

३.८.३ प्रदेश र स्थानीय तहमा नेपाली नागरिकबाट सम्पादन हुन नसक्ने कुनै कार्य विषय भएमा कारण खोली बहिर्गमन योजनासहित आग्रह गरेमा अर्थ मन्त्रालयले विदेशी परामर्शदाता परिचालन गर्न सहमति दिन सक्नेछ ।

## ३.९ स्वयंसेवक परिचालन

३.९.१ द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूबाट प्राविधिक सहायताको रुपमा सरकारले स्वयंसेवक परिचालन गर्न सक्नेछ । यी स्वयंसेवकहरूलाई प्राविधिक विशेषज्ञता र विकास आयोजना वा कार्यक्रमको आवश्यकताअनुसार स्थानीय तहका विभिन्न कार्यक्रमहरूमा परिचालन गर्न सकिनेछ ।

३.९.२ स्वयंसेवक परिचालन गर्न सरकारबाट प्राथमिकताका क्षेत्रहरू पहिचान गरी त्यस्ता क्षेत्रमा स्वयंसेवक पठाउन द्विपक्षीय विकास साझेदारका स्वयंसेवी संस्थाहरूलाई अनुरोध गरिनेछ । सवै निकायले खाका सम्झौताबमोजिम स्वयंसेवक परिचालन गर्दा अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

३.९.३ दिगो रूपमा उपयोग हुने गरी प्रविधि ज्ञान र सीप हस्तान्तरणको निम्ति स्वयंसेवकहरूलाई स्थानीय संस्था, निकाय वा समुदायसँग आबद्ध गराइनेछ।

३.९.४ सम्बन्धित सरकारी निकायहरूले स्वयंसेवक सेवाको अनुगमन गर्नेछन् र सोको प्रतिवेदन सम्बन्धित मन्त्रालय, अर्थ मन्त्रालय र आवश्यकताअनुसार अन्य संस्थाहरूमा समेत पठाउनेछन् ।

३.९.५ स्वयंसेवकहरूले नेपालमा काम गर्दा नेपालको सभ्यता, संस्कृति, र सामाजिक सद्भाव अनुकूल हुने गरी नेपाली नागरिकको धार्मिक आस्था वा विश्वास को सम्मान गर्नु पर्नेछ।

## ३.१० अन्तर्राष्ट्रिय विकास सहायता परिचालनमा सामुदायिक, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था

नेपालको संवैधानिक व्यवस्थाले सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको लगानी र भूमिका राष्ट्रिय आवश्यकता र प्राथमिकताको क्षेत्रमा मात्र उपयोग गर्दै यस्ता संघ संस्थालाई जवाफदेही एवम् पारदर्शी बनाउन निर्देश गरे अनुरुप गैरसरकारी संस्थामार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा निम्नानुसार गरिनेछ:

३.१०.१ गैरसरकारी संस्थामार्फत अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा गरिनेछ ।

३.१०.२ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने गरी आयोजना प्रस्ताव तयार गर्दा सम्बन्धित विषयगत मन्त्रालयको समन्वयमा गर्नु पर्नेछ ।

३.१०.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना छनौट गर्दा सम्बन्धित स्थानीय तहको नेतृत्वमा आयोजना हुने सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्नु पर्नेछ । स्थानीय तहसँग सामाञ्जस्य कायम गरेर आयोजना वा कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ ।

३.१०.४ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अन्तर्राष्ट्रिय विकास सहायता परिचालनको आयोजनागत विवरण अर्थ मन्त्रालयमा रहेको सहायता सूचना व्यवस्थापन प्रणालीमा दोहोरो नपर्ने गरी प्रविष्ट गर्नु पर्नेछ ।

३.१०.५ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले सोझै वा राष्ट्रिय गैरसरकारी संस्थामार्फत सहायता परिचालन गर्दा धार्मिक एवम् राजनीतिक संस्था तथा राष्ट्रिय संवेदनशीलताका क्षेत्रहरु बाहेकका विकासमूलक कार्यमा गर्नु पर्नेछ ।

३.१०.६ भौगोलिक र कार्यक्षेत्रगत दोहोरोपना हटाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गर्ने आयोजनाको निश्चित बिषयगत क्षेत्र र आयोजना संचालन हुने भौगोलिक क्षेत्र तोक्न सकिनेछ ।नियामक निकायले यस्ता संस्थाहरूले संचालन गरेको आयोजनाहरूको विद्युतीय नक्सांकन तयार गर्नेछ ।

३.१०.७ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले संचालन गरेका आयोजनाको लागतमा बढीमा २० प्रतिशतसम्म मात्र प्रशासनिक खर्च गर्न पाउनेछन् ।यस्तो खर्चको सीमा आयोजना लागतको आधारमा तोकिनेछ ।

३.१०.८ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले परिचालन गरेको विकास सहायताको आयव्यय तथा क्रियाकलापको विवरण पारदर्शिता अभिवृद्धिको लागि वार्षिक रुपमा सार्वजनिकीकरण गर्नु पर्नेछ । त्यस्ता संस्थाहरूले कार्यक्रम सञ्चालन गरेको स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा त्यस्ता कार्यक्रमहरुको परीक्षणका साथै सार्वजनिक सुनुवाइ तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्नेछ ।

३.१०.९ कुनै विकास साझेदारले नेपाल सरकारका लागि उपलब्ध गराउने भनी छुट्याइसकेको सहायता रकमबाट कट्टा नहुने गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आयोजना प्रस्ताव गर्नु पर्नेछ ।

३.१०.१० राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आफ्नै प्रयासमा अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गर्दा प्रचलित कानुनबमोजिम समाज कल्याण परिषदमार्फत हुनेछ । यस्तो सहायताको विवरण अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ ।

## ३.११ विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने सहायता

नेपाल सरकारसँग सम्झौता भएका कतिपय आयोजनाहरू कार्यान्वयन गर्न राष्ट्रिय क्षमताको विकास भई नसकेको अवस्था र केही आयोजनाहरू विकास साझेदारहरूबाट निर्माण सम्पन्न गराई सरकारलाई हस्तान्तरण (टर्न की) गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा सोझै कार्यान्वयन हुने विकास सहायता पनि उपयोग गर्न सकिनेछ । यसका लागि देहायको व्यवस्था गरिनेछः

३.११.१ जलविद्युत उत्पादन, विद्युत प्रसारण लाइन, राजमार्ग, पुल, रेल्वे, टनेल, हवाईमैदान, ठूला सिंचाइ र सुख्खा बन्दरगाह निर्माण र विशेष आर्थिक क्षेत्र विकास जस्ता उच्च प्राथमिकताका मझौला तथा ठूला आयोजनाहरूमा विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने सहायता उपयोग गर्न सकिनेछ ।

३.११.२ सोझै कार्यान्वयन हुने आयोजनाहरू राष्ट्रिय बजेट प्रणालीमा समावेश गर्नु पर्नेछ।

३.११.३ यसरी कार्यान्वयन हुने आयोजनाहरूको विवरण विकास साझेदारहरूले अर्थ मन्त्रालयमा रहेको सहायता व्यवस्थापन प्रणालीमा नियमित रुपमा प्रविष्ट गर्नु पर्नेछ ।

३.११.४ विकास साझेदारहरूबाट सोझै कार्यान्वयन हुने विकास सहायतासम्बन्धी आयोजनाको कार्यान्वयन सरकारी निकायका जिम्मेवार पदाधिकारीको नेतृत्वमा गठित आयोजना समन्वय समितिको निर्देशन अनुसार गरिनेछ ।

३.११.५ यसरी कार्यान्वयन भएका आयोजनाहरूको खर्चको लेखा र प्रतिवेदन सहितका आवधिक विवरणहरु विकास साझेदारहरूले सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयमा नियमित रुपमा उपलब्ध गराउनु पर्नेछ ।

## ३.१२ विपद् व्यवस्थापन र मानवीय सहायता

विपद्लाई तत्काल सम्वोधन गर्न र महामारी, खाद्य असुरक्षा, कुपोषण र शरणार्थी व्यवस्थापन जस्ता मानवीय विषयहरूलाई निर्धारित प्रक्रिया पूरा गरी सम्बोधन गर्न मानवीय सहायता परिचालन गरिनेछ । मानवीय सहायताको व्यवस्थापन स्थापित अन्तर्राष्ट्रिय सिद्धान्त अनुसार हुनेछ ।

३.१२.१ मानवीय सहायता गर्ने विकास साझेदारहरुले अवलम्वन गर्नुपर्ने असल अभ्यासहरूप्रति विकास साझेदारहरू प्रतिबद्ध रहनेछन् ।

३.१२.२ मानवीय सहायता गर्ने विकास साझेदारहरूले राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणहरूमा सरकारको निकटमा रही कार्य गर्नेछन् ।

३.१२.३ विपद्को समयमा मानवीय सहायता परिचालन तथा  व्यवस्थापनको नेतृत्व गृह मन्त्रालयले गर्नेछ ।

३.१२.४ मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नु पर्नेछ ।

## ३.१३ अन्तर-सरकारी संयुक्त आर्थिक आयोग

३.१३.१ अर्थ मन्त्रालयले इच्छुक राष्ट्र तथा अन्तर्राष्ट्रिय निकायहरुसँग आर्थिक साझेदारीका सम्भाव्य क्षेत्रहरूको खोजी गर्नेछ । यस्तो साझेदारी पारदर्शी हुनेछ र पारस्परिक तथा तुलनात्मक लाभको आधारमा तय गरिनेछ । अन्तर-सरकारी आर्थिक आयोग गठन गरी यसको कार्यान्वयन गरिनेछ ।

३.१३.२ यस किसिमको साझेदारी विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति, औद्योगिक नीति, व्यापार नीति र दिगो तथा उच्च आर्थिक विकास हासिल गर्ने लगायतका नीतिहरू अनुकूल हुने गरी अन्तर्राष्ट्रिय आर्थिक सम्बन्ध विस्तार र राष्ट्रिय हित प्रवर्द्धन गर्न उपयोग गरिनेछ ।

## ३.१४ दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोग

उपयुक्तता र अनुभवका आधारमा दक्षिण-दक्षिण तथा उत्तर-दक्षिण-दक्षिण (त्रिभुजीय) सहयोगको अवधारणा अनुरुपको सहयोग आदानप्रदान गर्न सकिनेछ । यो अवधारणा अन्तर्गत दक्षिण क्षेत्रका सहायता प्राप्त गर्ने दुई वा सोभन्दा बढी राष्ट्रहरु बीचको आपसी सहयोग तथा उत्तर क्षेत्रका परम्परागत दातृराष्ट्र एवम् संस्थाहरु समेतको समन्वयात्मक तथा वित्तीय संलग्नतामा सहयोग आदानप्रदान गर्न सकिनेछ । यसअन्तर्गत दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) र बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) जस्ता क्षेत्रीय संयन्त्रसँगको सहयोग अभिवृद्धि गर्न र अन्तर-सरकारी संयुक्त आर्थिक आयोगमार्फत सहायता परिचालन समेत गर्न सकिनेछ।

## ३.१५ निजी क्षेत्रसँग साझेदारी

निजी क्षेत्रको सन्दर्भमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने आधारहरू निम्न अनुसार हुनेछन्:

३.१५.१ सहायताबाट प्राप्त रकम सार्वजनिक-निजी क्षेत्र साझेदारीको अवधारणालाई मद्दत पुग्ने गरी परिचालन गर्न सकिनेछ ।

३.१५.२ निजी क्षेत्रको लगानीमा प्रतिकूल असर नपर्ने गरी अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन गरिनेछ ।

३.१५.३ निजी क्षेत्रमार्फत कार्यान्वयन हुने अन्तर्राष्ट्रिय विकास सहायताको रकम निर्यात बढाउन मद्दत पुग्ने गरी पूर्वाधार विकासमा परिचालन गरिनेछ ।

३.१५.४ अन्तर्राष्ट्रिय विकास सहायताको रुपमा प्राप्त रकम व्यापारसम्बद्ध अवरोध हटाई लगानीमैत्री वातावरण सिर्जना गर्न र व्यापार सहजीकरणका अन्य उपायहरू अवलम्बन गर्न उपयोग गर्न सकिनेछ ।

## ३.१६ सम्मिश्रित वित्त

सरकारले विकास सहायताको प्रभावकारिता बढाउन तथा सहायतालाई अधिकतम सहुलियतपूर्ण वनाउन व्यापारिक, निजी, गैरसरकारी कोष तथा अनुदान सहायतालाई मिश्रित गरी विकास सहायता परिचालन गर्न सक्नेछ ।

३.१६.१ द्विपक्षीय तथा वहुपक्षीय अनुदान तथा ऋणलाई एकै डालोमा राखी आयोजनाहरु व्यावसायिक रुपमा सम्भाव्य हुनेगरी वित्त व्यवस्थापन गर्न सकिनेछ ।

३.१६.२ नेपाल सरकारले तोकेका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरू सार्वजनिक-निजी साझेदारी अन्तर्गत सञ्चालन गर्दा सोमा संलग्न सार्वजनिक क्षेत्रलाई पूँजीको अभाव परिपूर्ति गर्न कानुन बमोजिम नेपाल सरकार जमानी बसी ऋण परिचालन गर्न सक्नेछ ।

३.१६.३ निजी क्षेत्रको नेतृत्वमा सञ्चालन हुने राष्ट्रिय प्राथमिकताका आयोजनाको पूँजी तथा लगानी संरचनाको निश्चित अंशमा नेपाल सरकार समेत सहभागी हुने गरी अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्न सकिनेछ ।

# भाग - चार

# संघीय ढाँचामा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन

## ४.१ संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध

४.१.१ अनुदान सहायता र प्राविधिक सहायताका हकमा अर्थ मन्त्रालयले वित्तीय सम्झौता गरी कार्यान्वयनका लागि प्रदेशमा पठाउनेछ ।

४.१.२ स्थानीय तहमा सञ्चालन हुने आयोजनाका हकमा अर्थ मन्त्रालयले सम्झौता गरी कार्यान्वयनका लागि स्थानीय तहमा पठाउन सक्नेछ ।

४.१.३ बजेट प्रणालीमार्फत परिचालन हुने अनुदान सहायताको रकम सशर्त अनुदानको रुपमा र ऋण सहायताको रकम, व्याजदर र भुक्तानीसम्वन्धी शर्तहरु सहितको सहायक ऋण सम्झौता गरी कार्यक्रम सञ्चालन हुने प्रदेश तथा स्थानीय तहमा पठाइनेछ ।

४.१.४ अन्तर्राष्ट्रिय विकास सहायता संलग्न कार्यक्रम सञ्चालन गर्ने प्रदेश तथा स्थानीय तहले सम्वन्धित आयोजना सम्झौतामा उल्लेख भएका शर्तहरूका अधिनमा रही खर्च गर्ने र खर्चको वित्तीय तथा भौतिक प्रगतिका विवरणहरू, शोधभर्नाका लागि आवश्यक पर्ने विवरणहरू, आर्थिक विवरणहरू र अन्य विवरणहरू निर्धारित समयभित्रै नियमित रुपमा सम्वन्धित आयोजना व्यवस्थापन कार्यालय / इकाइलाई उपलव्ध गराउनु पर्नेछ ।

## ४.२ सहायता परिचालनमा अर्थ मन्त्रालयको भूमिका

४.२.१ अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाहरू बीच एकरुपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्ने प्रयोजनका लागि कार्यसञ्चालन निर्देशिका वनाई लागू गर्नेछ।

४.२.२ विकास साझेदारहरूसँग सहायताको लागि पत्राचार गर्ने, अनुरोध पठाउने, वार्ता गर्ने र सम्झौता गर्ने कार्य गर्नेछ ।

४.२.३ प्रदेश सरकार र विकास साझेदार तथा स्थानीय सरकार र विकास साझेदारबीच हुने आयोजना कार्यान्वयन सम्बन्धी सम्झौता गर्न र आयोजना कार्यान्वयनसँग सम्वन्धित दस्तावेज तयारीका लागि सहजीकरण गर्नेछ ।

४.२.४ प्रदेश सरकारलाई आयोजनामा आधारित ऋणको रुपमा अन्तर्राष्ट्रिय विकास सहायता उपलब्ध गराउने र यसका लागि आवश्यक प्राविधिक सहायताको व्यवस्थापन गर्ने कार्य गर्नेछ ।

४.२.५ राष्ट्रिय स्तरका आयोजनाहरूका लागि आवश्यक पर्ने अन्तर्राष्ट्रिय स्रोतको व्यवस्थापन गर्नेछ ।

४.२.६ अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजना बैंक र यसका लागि आयोजना छनौट पूर्वका तयारीको कार्य गर्न सहयोग गर्नेछ ।

४.२.७ वैदेशिक ऋण वापतको यस अघि भए गरेका दायित्व र अब थप हुने दायित्व वहन नेपाल सरकारले गर्नेछ ।

४.२.८ प्रदेश सरकारबाट सञ्चालन हुने गरी तयार भएका आयोजनाहरूमा आवश्यक पर्ने अन्तर्राष्ट्रिय विकास सहायताका लागि हुने वार्ता, आयोजना छनौट, मूल्याङ्कन, सम्भाव्यता अध्ययन जस्ता कार्यहरूमा सम्बन्धित प्रदेश सरकारको प्रतिनिधित्व गराइनेछ ।

## ४.३ सहायता परिचालनमा प्रदेश सरकारको भूमिका

४.३.१ आफ्नो क्षेत्रका अन्तर्राष्ट्रिय विकास सहायता आवश्यक पर्ने सम्भावित आयोजनाहरू पहिचान गरी एकिकृत आयोजना बैङ्क तयार गर्नेछ ।

४.३.२ संभाव्य आयोजनामा अन्तर्राष्ट्रिय विकास सहायताको आवश्यकता पहिचान गरी थप प्रक्रिया अगाडि बढाउन अर्थ मन्त्रालयमा प्रस्ताव पठाउनेछ ।

४.३.३ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट प्रदेश अन्तर्गतका एकभन्दा बढी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको समन्वय र अनुगमन गर्नेछ ।

## ४.४ सहायता परिचालनमा स्थानीय तहको भूमिका

४.४.१ स्थानीय तहले स्थानीय प्राथमिकताका आयोजना पहिचान गरी स्थानीय सभाबाट पारित गराई स्रोत व्यवस्थापनका लागि प्रदेश वा संघ वा दुवैमा अनुरोध गर्न सक्नेछ।

४.४.२ अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुबाट स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको समन्वय र अनुगमन सम्वन्धित जिल्ला समन्वय समितिले गर्नेछ ।

## ४.५ सहायता परिचालनमा विकास साझेदारहरूको भूमिका

४.५.१ सहायता परिचालनसम्बन्धी सम्पूर्ण विषयमा अर्थ मन्त्रालयको स्वीकृति लिई आवश्यक समन्वय र सहकार्य गर्नु पर्नेछ।

४.५.२ विकास सहायतामा सञ्चालन हुने आयोजना व्यवस्थापनका सबै चरणमा अर्थ मन्त्रालयसँग परामर्श गर्नु पर्नेछ।

४.५.३ सहायता परिचालनबाट प्राप्त नतिजाको संयुक्त समीक्षाबाट देखिएका निचोडलाई आत्मसात गरी आगामी दिनमा नयाँ सहायता परिचालन गर्दा आवश्यक सुधार गर्दै जानुपर्नेछ।

# भाग - पाँच

# कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांकन

## ५.१ नीति कार्यान्वयन समिति

यो नीति कार्यान्वयनमा मार्गदर्शन गर्न देहाय बमोजिमको एक उच्चस्तरीय “अन्तर्राष्ट्रिय विकास सहायता परिचालन नीति कार्यान्वयन समिति” गठन गरिनेछ:

| | |
|---|---|
| अर्थ मन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, राष्ट्रिय योजना आयोग | सदस्य |
| सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक तथा पूर्वाधार क्षेत्र) | सदस्य |
| सचिव, अर्थ मन्त्रालय | सदस्य |
| सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | सदस्य |
| सचिव, परराष्ट्र मन्त्रालय | सदस्य |
| सचिव, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | सदस्य |
| महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | सदस्य |
| सहसचिव, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा, अर्थ मन्त्रालय | सदस्य-सचिव |

५.१.१ नीति कार्यान्वयन समितिले सम्बद्धता, विशेषज्ञता र आवश्यकताको आधारमा नेपाल सरकारका अन्य मन्त्रालयका उच्च पदाधिकारी, कुनै निकायका प्रतिनिधि, प्रदेश सरकारको प्रतिनिधि, निजी क्षेत्र वा विशेषज्ञलाई पर्यवेक्षक वा आमन्त्रित सदस्यको रुपमा समितिका बैठकहरूमा आमन्त्रण गर्न सक्नेछ ।

५.१.२ नीति कार्यान्वयन समितिले यो नीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गदर्शन गर्नेछ। विकास सहायता परिचालन नीति कार्यान्वयन समितिको सचिवालयको काम अर्थ मन्त्रालयले गर्नेछ।समितिले नीति कार्यान्वयनमा देखा पर्न सक्ने वाधा अड्काउ फुकाउने, नीति कार्यान्वयनका सिलसिलामा आइपर्न सक्ने द्विविधा हटाउने, आवश्यकता अनुसार यो नीतिको व्याख्या गर्ने लगायतका काम गर्नेछ ।

## ५.२ अन्तर्राष्ट्रिय विकास सहायता समन्वयको सम्पर्क विन्दु

५.२.१ नेपाल सरकारलाई आवश्यक पर्ने विकास सहायता परिचालन गर्ने जिम्मेवारी अर्थ मन्त्रालयको हुनेछ । यसका लागि आर्थिक कुटनीतिको समेत प्रभावकारी उपयोग गरिनेछ ।

५.२.२ कुनै पनि तहको सरकारी निकाय, संवैधानिक अंग, सार्वजनिक संस्थान, नेपाल सरकारको पूर्ण या आंशिक अनुदानमा सञ्चालित संस्था, प्रतिष्ठान आदिले अन्तर्राष्ट्रिय विकास सहायताको खोजी गर्न वा सहायताको लागि औपचारिक अनुरोध गर्न, प्रस्ताव राख्न, वार्ता गर्न, कुनै सूचना दिन, आयोजनाको अवधारणापत्र एवम् प्रस्तावसहित पत्राचार गर्न तथा समझदारीपत्र वा सम्झौतामा हस्ताक्षर गर्न अनिवार्य रुपमा अर्थ मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

५.२.३ विकास साझेदारहरूले पनि सहायता प्रस्ताव गर्दा वा सहायता परिचालनसम्बन्धी पत्राचार गर्दा अर्थ मन्त्रालयमार्फत मात्र गर्नु पर्नेछ । नेपाल सरकारका निकायहरूले विकास आयोजनाहरूको प्रस्ताव गर्दा राष्ट्रिय योजना आयोगको सहमति लिनु पर्नेछ । प्रदेश र स्थानीय तहले आ-आफ्नो तहमा आयोजना स्वीकृत गर्ने संयन्त्र गठन गरेको वा निकाय तोकेकोमा त्यस्तो संयन्त्र वा निकायको सहमति लिनु पर्नेछ ।

५.२.४ अर्थ मन्त्रालयको पूर्व स्वीकृति नलिई सार्वजनिक पद धारण गरेको कुनैपनि तहको पदाधिकारी र आयोजनामा कुनै पनि सेवा शर्तमा सम्लग्न व्यक्तिले अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालित कार्यक्रम र आयोजनाबाट खर्च व्यहोर्ने गरी र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था, स्वदेशी तथा विदेशी परामर्शदाता, आपूर्तिकर्ता वा ठेकेदारको निमन्त्रणामा वैदेशिक भ्रमण गर्न पाउनेछैन ।

## ५.३ स्थानीय विकास साझेदार बैठक

स्थानीय विकास साझेदार बैठक सामान्यतः वर्षको दुई पटक वा आवश्यकता अनुसार आयोजना गरिनेछ । यो संयन्त्रले स्थानीय रुपमा कार्यरत विकास साझेदार र नेपाल सरकारका बीच विकास सहायता परिचालन नीति कार्यान्वयन एवम् सहायता परिचालनका सम्वन्धमा आइपर्ने समस्याका विषयमा नियमित सम्वाद र समन्वय गर्ने मञ्चको रूपमा कार्य गर्नेछ ।

## ५.४ संयुक्त क्षेत्रगत समीक्षा

नेपाल सरकारका क्षेत्रगत मन्त्रालय र विकास साझेदारबीच क्षेत्रगत योजना, नीति र कार्यक्रमहरूको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र समन्वयका लागि यस्ता संयुक्त समीक्षा वैठक बस्नेछन् । सम्बद्ध क्षेत्रगत मन्त्रालयहरूले यस्ता बैठकहरूको नेतृत्व गर्नेछन् । यस्ता बैठकमा गरिएका निर्णयको जानकारी अर्थ मन्त्रालयमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ। यसरी प्राप्त निर्णयको एकिकृत अभिलेख अर्थ मन्त्रालयले राख्नेछ ।

## ५.५ प्रदेश र स्थानीय स्तरको समीक्षा

५.५.१ प्रदेश सरकारले कार्यान्वयन गरेका अन्तर्राष्ट्रिय विकास सहायता समावेश भएका विकास आयोजना तथा कार्यक्रमहरूको सम्बन्धमा समीक्षा गर्न प्रदेश स्तरमा सरकारी र गैरसरकारी स्तरका नेपाली प्रतिनिधि रहेको संयन्त्र निर्माण गरिनेछ । सामान्यतयाः यस्तो समीक्षाको नेतृत्व र समन्वय प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्नेछ । यस्तो अनुगमन कार्य अर्थ मन्त्रालयवाट समेत हुन सक्नेछ ।

५.५.२ स्थानीय तहले कार्यान्वयन गरेका अन्तर्राष्ट्रिय विकास सहायताका आयोजना तथा कार्यक्रमहरूको अनुगमन र समीक्षा जिल्ला समन्वय समितिले गर्नेछ ।

५.५.३ सहायता प्रभावकारिताका विषयमा प्रदेश र स्थानीय तहमा समाधान हुन नसकेका समस्याहरूबारे आवश्यक निर्देशनका लागि अर्थ मन्त्रालयमा जानकारी गराउनु पर्नेछ। यसको लागि आवश्यक सामान्य मार्गदर्शन अर्थ मन्त्रालयको अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाले जारी गर्नेछ ।

## ५.६ विकास साझेदारहरूको संलग्नता

५.६.१ विकास साझेदारहरूले अन्तर्राष्ट्रिय विकास सहायता र यसबाट सञ्चालन हुने आयोजनाहरूलाई राष्ट्रिय विकास योजना र प्राथमिकतासँग आबद्ध गर्नेछन् ।

५.६.२ विकास साझेदारहरूलाई नीतिको कार्यान्वयनका सम्वन्धमा आवश्यकताअनुसार समन्वय संयन्त्रमा सहभागी हुने व्यवस्था गर्न सकिनेछ ।

५.६.३ विकास साझेदारहरूले सबै प्रकारका अन्तर्राष्ट्रिय विकास सहायतालाई राष्ट्रिय र क्षेत्रगत विकास ढाँचासँग आबद्ध हुने गरी स्पष्ट नतिजा प्राप्त हुने किसिमले सम्भव भएसम्म नि:शर्त रुपमा परिचालन गर्न प्राथमिकता दिनेछन् ।

५.६.४ विकास साझेदारहरूले सबै किसिमका सहायतासम्बन्धी सूचनाहरू पुर्वानुमान गर्न सकिने गरी अग्रिम रुपमा अर्थ मन्त्रालयमा विद्यमान् सहायता सूचना प्रणालीमा उपलब्ध गराउनेछन् ।

५.६.५ विकास साझेदारले सहायताको सञ्चालन खर्च घटाउन सहायताको खण्डीकरण रोक्ने काममा सरकारलाई उल्लेख्य सहयोग गर्नेछन् र विगतको क्षेत्रगत सहायता अवधारणा कार्यान्वयनको अनुभवका आधारमा अन्य क्षेत्रमा पनि यसको विस्तार गर्न सघाउ पुऱ्याउनेछन् ।

५.६.६ विकास साझेदारले नेपालको राष्ट्रिय प्रणाली र संगठनात्मक संरचनासँग आबद्ध भई सरकारी संस्थाको नेतृत्वमा स्थानीय क्षमता र स्वामित्वभाव अभिवृद्धि हुने गरी कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

५.६.७ विकास साझेदारले यथासम्भव संयुक्त मिसन र संयुक्त विश्लेषणात्मक अध्ययनको कार्यलाई प्रभावकारी ढंगले अगाडि बढाउनेछन् ।

५.६.८ विकास साझेदारहरूले कुनै पनि प्रकारको अन्तर्राष्ट्रिय विकास सहायता प्रवाह गर्दा अर्थ मन्त्रालय मार्फत् गर्नेछन् ।

## ५.७ विकास साझेदारहरूको कार्यक्षेत्र विभाजन

विकास साझेदारहरूले आ-आफ्नो तुलनात्मक विशेषज्ञता र विगतको संलग्नताका आधारमा आपसी सहमतिमा सहयोगका विषयगत क्षेत्रहरू विभाजन गरी सहायता प्रदान गर्नेछन् । यस कार्यमा अर्थ मन्त्रालयले समन्वयात्मक भूमिका निर्वाह गर्नेछ ।

## ५.८ सहायताको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकारको प्रतिबद्धता

५.८.१ सहायता परिचालन गर्दा राष्ट्रिय आवश्यकता र प्राथमिकता, मानव अधिकारका विश्वव्यापी मान्यता, लोकतन्त्र, कानूनको शासन, समावेशी विकास, सुशासन, भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता, सहायताको पारदर्शिता र उत्तम नतिजालाई महत्व दिनेछ।

५.८.२ पूर्वाधार विकासमा प्रत्यक्ष सरोकार राख्ने नेपाल सरकारका निकाय वा सोसँग आबद्ध संस्थाहरूमा संस्थागत सुधार एवम् क्षमता विकासका कार्यक्रमहरू लागू गर्नेछ ।

५.८.३ सहायता एवम् विकास प्रभावकारिताका लागि अन्तर्राष्ट्रिय साझेदारीसँग सहकार्य गर्न र उच्चस्तरमा गरिएका प्रतिवद्धताहरुको कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा सहभागी हुन नेपाल सरकार प्रतिबद्ध रहनेछ ।

५.८.४ नेपाल सरकारले संभाव्य वित्तीय जोखिम कम गर्न र खरिद प्रणाली सहित सार्वजनिक वित्त व्यवस्थापनमा सुधार गर्न कार्यक्रमहरू लागू गर्नेछ ।

५.८.५ राष्ट्रिय क्षमता वृद्धि गरी आयोजनाको सञ्चालन खर्च घटाउन र दिगोपना कायम गर्न सरकार कटिबद्ध हुनेछ ।

५.८.६ विकास साझेदारहरू सँगको सहकार्यमा सहायता कार्यान्वयनलाई प्रभावकारी बनाइनेछ।

५.८.७ सार्वजनिक खर्च र वित्तीय जवाफदेहिता मूल्याङ्कनका सुझावहरू कार्यान्वयन गर्न सरकार प्रतिबद्ध रहनेछ ।

५.८.८ सार्वजनिक सेवा प्रवाहको प्रक्रियालाई सरलीकरण गर्न र खर्चको गुणस्तरमा सुधार ल्याउन सरकार प्रतिबद्ध रहनेछ ।

५.८.९ पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्न सरकारले सहायता व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध सहायतासम्बन्धी सूचना सार्वजनिक गर्नेछ ।

## ५.९ अनुगमन तथा मूल्यांकन

५.९.१ यो नीतिको कार्यान्वयनको अनुगमन विभिन्न आवधिक बैठक, समीक्षा तथा अन्तरक्रियाका माध्यमबाट गरिनेछ ।

५.९.२ अर्थ मन्त्रालयले अन्तर्राष्ट्रिय विकास सहायतामा सञ्चालन भैरहेका आयोजना तथा कार्यक्रमहरुको कार्यसम्पादनको अनुगमन गर्न सक्नेछ । यस्तो अनुगमन विकास साझेदारसँग संयुक्त रुपमा पनि गर्न सकिनेछ ।

५.९.३ यो नीतिको कार्यान्वयनको मूल्यांकन सामान्यत: प्रत्येक दुई वर्षमा गरिनेछ ।

# भाग - छ

# विविध

## ६.१ कर छुट तथा प्रवेशाज्ञा सम्बन्धी व्यवस्था

६.१.१ सामान्यतः अन्तर्राष्ट्रिय विकास सहायताको रकम कर तिर्ने प्रयोजनको लागि उपयोग गरिने छैन ।

६.१.२ सम्झौतामा भएको करछुटको प्रावधानबमोजिम कर प्रयोजनको लागि आवश्यक पर्ने रकम आन्तरिक स्रोतबाट व्यहोर्ने प्रबन्ध मिलाइनेछ ।

६.१.३ सम्झौतामै उल्लेख भएको अवस्था र आन्तरिक स्रोतबाट प्रवन्ध गर्न नसकिएका आयोजनाको हकमा प्रचलित कानुनको अधीनमा रही कर छुट प्रदान गर्न सकिनेछ ।

६.१.४ आय तथा मुनाफामा लाग्ने कर अन्तर्राष्ट्रिय विकास सहायताको अंश नमानिने हुँदा यस सम्बन्धमा प्रचलित करसम्बन्धी कानुन लागू हुनेछ ।

६.१.५ अन्तर्राष्ट्रिय विकास सहायता संलग्न भएको आयोजनामा काम गर्ने विदेशी कामदार, कर्मचारी र तिनका आश्रितलाई सम्झौतामा उल्लेख भएअनुसार प्रवेशाज्ञा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

## ६.२ खारेजी र वचाउ

६.२.१ विकास सहायता नीति, २०७१ खारेज गरिएको छ ।

६.२.२ विकास सहायता नीति, २०७१ बमोजिम भए गरेका सम्पूर्ण कार्यहरू यसै नीतिअन्तर्गत भए गरेको मानिनेछ ।

६.२.३ यो नीतिको व्याख्या तथा कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा अर्थ मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

नेपाल सरकारबाट स्वीकृत मिति:

२०७६।०२।१०